**हरिनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हरिनगर आधारभूत अस्पताल**
हरिनगर, सुनसरी

कोशी प्रदेश, नेपाल

पत्र संख्या: ०८१।०८२
चलानी नं. :

२०८१/०४/११
मेडिकल सुपरिटेन्डेन्ट

## अस्पताल निर्देशक छनौट सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति:- २०८१ । ०४ । ११

प्रस्तुत विषयमा हरिनगर आधारभूत अस्पताल व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१ वमोजिम यस हरिनगर आधारभूत अस्पताल संचालनका लागि १ (एक) जना अस्पताल निर्देशकको आवश्यकता परेकोले देहायको योग्यता पुगेको उमेदवारहरुले व्यक्तिगत विवरण सहित अस्पताल विकासका लागि पञ्चवर्षीय कार्य योजना सहितको मार्गचित्र यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस अस्पतालमा पेश गर्न हुन यो सूचना प्रकाशन गरीएको छ ।

(१) आवश्यक न्यूनतम योग्यता

(क) नेपाली नागरिक भएको,

(ख) २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

(ग) चिकित्सा विज्ञानमा MBBS वा सो भन्दा माथिको योग्यता हासिल गरी सम्वन्धित काउन्सिलमा दर्ता भएको,

(घ) प्रचलित नेपाल कानून वमोजिम अयोग्य ठहर नभएको ।

(२) सरकारी वा निजी विमा लागू भएको अस्पतालमा व्यवस्थापक वा सहायक व्यवस्थापकको रुपमा काम गरेको कम्तिमा एक वर्षको अनुभव भएको उमेदवारलाई पहिलो प्राथमिकता दिइनेछ ।

(३) उमेदवारहरुको योग्यता र निजले पेश गरेको मार्गचित्र तथा प्रस्ताव अध्ययन गरी अस्पताल व्यवस्थापन समितिले उपयुक्त प्रस्ताव पेश गर्ने उमेदवारलाई अस्पताल निर्देशक छनोट गरी समितिको अध्यक्षले ५ वर्षका लागि नियुक्त गरिनेछ ।

(४) नियुक्त भएका निर्देशकको काम सन्तोषजनक भएमा व्यवस्थापन समितिले आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

(५) निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा स्थानीय तहको अधिकृत आठौं तहका लागि तोकेको शूरु स्केल भन्दा कम नहुने गरी मासिक रुपमा अस्पतालले उपलब्ध गराउनेछ ।

(६) निर्देशकले प्रचलित कानून वमोजिम तोकिएको काम कर्तव्य र आचरण पालन गर्नु पर्नेछ ।

(७) आवेदन दस्तुर रु १५०० । हरिनगर आधारभूत अस्पतालमा दाखिला गरी सो को सक्कल रसिद प्रस्ताव साथ संलग्न राखी पेश गर्नु पर्नेछ । अन्य थप जानकारीका लागि हरिनगर आधारभूत अस्पतालको प्रशासन शाखामा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सक्नेछ ।